आज मिति २०८०।१२।१४ गते (ने.सं. ११४४ चिल्लागा २) बुधबारका दिन विहान १०:३० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को १५ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| श्याम पुर्जा | का.वा. वडाध्यक्ष ( वडा नं ४)- आमन्त्रित सदस्य | |

अन्य उपस्थिति :

१) रमेश थापा, सू. प्र. अ.

२) प्रेम पराजुली, वरिष्ठ लेखा सहायक

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८०।१२।१४ गते

समय : विहान १०:३० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८०।१२।०७ गते

<u>मिति २०८०।१२।१४ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु</u>

प्रस्ताव नं. १ पूर्व निर्णयको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं. २ प्रदेश समपूरक/विशेष योजना माग सम्बन्धमा,

प्रस्ताव नं. ३ प्रशासकीय भवनको लागि जग्गा व्यवस्था सम्बन्धमा,

प्रस्ताव नं. ४ मन्त्रालयबाट प्राप्त परिपत्र सम्बन्धमा,

प्रस्ताव नं. ५ नविकरणीय ऊर्जा सम्बन्धमा,

प्रस्ताव नं. ६ अनुगमन तथा सुपरीवेक्षण समितिको फागुन महिनाको अनुगमन प्रतिवेदन सम्बन्धमा,

प्रस्ताव न. ७ सार्वजनिक निजी साझेदारी प्रारुपमा कार्यान्वयन गर्ने परियोजना/आयोजना छनौट सम्बन्धमा

प्रस्ताव नं. ८ विभिन्न कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ९ आर्थिक सहयोग/राहत सम्बन्धमा,

प्रस्ताव न. १० पशु सेवा को अनुदानको कार्यक्रमको लागि फर्महरु छनौट गर्ने सम्बन्धमा

प्रस्ताव नं. ११ प्राङ्गारिक खेती प्रबर्द्धन कार्यक्रमको लागि फर्म छनौट गर्ने सम्बन्धमा

प्रस्तव नं. १२ विविध ।

अमृत सुवेदी
प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

निर्णय नं. १ :

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यन्वयन भएको पाइयो ।

क) संघीय सरकारको सशर्त अनुदान रु १८,८०,०००।– र गाउँपालिकाबाट विनियोजित रु १५ लाखबाट कृषि तथा पशुपन्छी बजारीकरणका लागि कृषि एम्बुलेन्स क्याटलग सपिङ् विधिबाट खरिद गर्ने ।

ख) घोरेपानी मोटरबाटो निर्माणको लागि पूर्वाधार विकास कार्यालयसंग सहकार्य गरी एकमुष्ट रुपमा कार्यन्वियन गर्ने गरी कार्यपालिकाको मिति २०८०।१०।२३ को बैठकको निर्णय भएकोमा पूर्वाधार विकास कार्यालयबाट अख्तियारी प्राप्त भएकाले घोरेपानी बाईपास मार्गको पारम्भिक वातावरणीय अध्ययन गर्ने र उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।

निर्णय नं. २

प्रस्ताव न. २ उपर छलफल गर्दा आगामी आ.व. २०८१।८२ को लागि गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने समपुरक र विशेष अनुदानको लागि तपसिलको प्राथमिकता कायम गरी आयोजना/कार्यक्रमहरु पेश गर्ने ।

तपसिल :

समपुरक अनुदान तर्फ

| प्राथमिकता क्रम | आयोजना/कार्यक्रमको नाम | कार्यन्वयन वडा | बजेट | कार्यन्वयन हुने बर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | खिवाङ-घराम्दी सडक निर्माण आयोजना | वडा न. ६ घार | १ करोड | १ बर्ष | |
| २ | भिरकाटे-दोवा सडक कालोपत्रे आयोजना | वडा न. १ दोवा | १ करोड | १ बर्ष | |
| ३ | कुरिलावगर-पाउद्वार सडक निर्माण आयोजना | वडा न. ५ | १ करोड | १ बर्ष | |

अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय

विशेष अनुदान तर्फ

| प्राथमिकता क्रम | आयोजना/कार्यक्रमको नाम | कार्यन्वयन वडा | बजेट | कार्यान्वयन बर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | वैसरी-हल्लेखर्क-कुरमुनी-पोखरेवगर एक घर एक धारा खानेपानी आयोजना | वडा न. ६ घार | १ करोड | १ बर्ष | |
| २ | राम्चे ठूलोगाउँ पहिरो नियन्त्रण आयोजना | वडा न. ८ राम्चे | १ करोड | १ बर्ष | |
| ३ | घट्टेखोला तटबन्धन आयोजना | वडा न. ३ दाना | १ करोड | १ वर्ष | |

निर्णय न. ३

प्रस्ताव नं. ३ उपर छलफल गर्दा प्रशासकीय भवनको लागि जग्गा व्यवस्था गर्ने सम्बन्धमा आगामी कार्यपालिकामा छलफल गर्ने ।

निर्णय नं. ४

प्रस्ताव न. ४ उपर छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट प्राप्त तपसिलको पत्रको सुझाव कार्यान्वयन गर्ने ।

क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. न. ५१५, मिति २०८० चैत्र ९ गतेको पत्र साथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.स. ५/उर्जा/०८०/८१, च.न.५०५६४, मिति २०८०।१२।०५ को पत्रबाट लेखि आएको "गाउँ स्तरमा सञ्चालनमा रहेका, स्थानीय तहका बजेट परिचालनका लागि स्थापना भएका उपभोक्ता समितिहरुले आफ्नो कार्यको बार्षिक लेखा परीक्षण, साधारण सभा जस्ता कार्यहरु नियमित गरी गराई पारदर्शिता अभिवृद्धि गर्न गराउन" सम्बन्धी सुझाव कार्यान्वयन गर्ने ।

ख) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. न. ४८४, मिति २०८० फागुन ३० गतेको पत्र साथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.स. ०८०/८१, च.न. DIV2-47530, मिति २०८०।११।२१ को पत्रबाट लेखि आएको तपसिलको सुझाव कार्यान्वयन गर्ने ।

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

१) विदा वा कामकाजमा रहेका पदाधिकारी/कर्मचारीलाई सो अवधिमै कार्यालयको बैठक वा अन्य निर्णय प्रकृयामा सहभागी गराउने कार्य प्रचलित कानूनको वर्खिलाप तथा अनियमित कार्य हुदा अव आइन्दा यस्तो कार्य नगर्न नगराउन ।

२) कार्यालय सञ्चालन भएको दिन र कार्यालय समयमा पनि कार्यालय समय भन्दा फरक विहान बिहान/बेलुकाको समय उल्लेख गरी बैठक भत्ता लिने नगर्न नगराउन ।

३) अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७(आठौ संस्करण) को बुँदा नं. ७.१.५ मा एउटै निकाय र अन्तर्गतको पदाधिकारी वा कर्मचारी मात्र बैठक बसेको भए त्यस्तो बैठक भत्ता उपलब्ध गराउने छैन भनी उल्लेख गरेको व्यवस्था अनिवार्य लागु गर्ने।

ग) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. न. ५१३, मिति २०८० चैत्र ९ गतेको पत्रको साथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.स. ०८०/८१, च.न. मा.अ./७४६७७ , मिति २०८०।१२।०५ को पत्रबाट लेखि आएको तपसिलको सुझाव कार्यान्वयन गर्ने ।

१) स्थानीय सरकारहरुले भष्ट्राचारहरुले भष्ट्राचार विरुद्धका निरोधात्मक तथा प्रवर्दानात्मक कृयाकलापहरु समावेश गरी स्थानीय तहको सम्बन्धित स्थानीय तहको कार्यपालिकाले आ-आफ्नो भष्ट्राचार विरुद्धको रणनीति तथा कार्ययोजना तयारी गरी कार्यन्वयन गर्ने र सो को जानकारी प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने ।

२) प्रत्येक बर्ष डिसेम्बर ९ का दिन भष्ट्राचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस विशेष कार्यक्रम सहित मनाउने ।

घ) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. न. ५१८, मिति २०८० चैत्र ९ गतेको पत्र साथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.स. ४ स्था/०८०/८१, च.न. ४९७८३ , मिति २०८०।१२।०२ को पत्रबाट लेखि आएको "कृषि बालीको विउ विजन आयात वा खरिद विक्रि हुँदा विउविजनको स्रोत मुलक र गुणस्तर खुल्ने गणस्तर प्रमाणीकरण भएका कागजात संलग्न हुनुपर्ने" सुझाव कार्यान्वयन गर्ने ।

**निर्णय न. ५ :**

प्रस्ताव न. ५ उपर छलफल गर्दा नविकरणीय उर्जा सम्बन्धमा सङ्घीय सरकारद्वारा आ.व. २०८०।८१ मा शसर्त अनुदानको रुपमा हस्तान्तरित नवीकरणीय ऊर्जा प्रविधि जडान (वायोग्यास/विद्युतीय चुलो/सुधारिएको चलो/सौर्य उर्जा)को कार्यान्वयनको लागि वडा कार्यालयहरुबाट तपसिल बमोजिम सोलार तथा चुल्हो वितरण गरी १० दिनभित्र जडान गर्न लगाई विवरण गाउँपालिकामा पठाउने ।

तपसिलः

| वडा नं | सोलार | चुल्हो |
|---|---|---|
| वडा नं १ | ५ | - |
| वडा नं २ | १ | १२ |
| वडा नं ३ | १ | १२ |
| वडा नं ४ | - | १५ |
| वडा नं ५ | - | १६ |
| वडा नं ६ | २ | ११ |
| वडा नं ७ | - | १५ |
| वडा नं ८ | १ | १२ |
| जम्मा | १० | ९३ |

निर्णय न. ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको फागुन महिनाको तपसिलको सम्पन्न भएको र निर्माणाधिन आयोजना अनुगमन गरिएको उपाध्यक्ष दिवा कुमारी तिलिजा पुन ज्यू मार्फत जानकारी प्राप्त भयो ।

तपसिल :

१) भुमेथान रेलिङ तथा सिडि निर्माण आयोजना — वडा न. १
२) माराका खेलमैदान मर्मत तथा ढल निकास- वडा न. १
३) वडा कार्यालय सौचालय निर्माण — वडा न. १
४) गाडापानी देउराली गेट निर्माण तथा वस्ति घेराबार — वडा न. २
५) डाँडागाउँ मोटरबाटो ढलान आयोजना — वडा न. ३
६) दुवारी खोला ढल निकास आयोजना — वडा न. ३
७) चौतारा देखी कोटसम्म गोरेटो बाटो निर्माण- वडा न. ३
८) डुङ्डुङ्गे देखि कामखोलासम्म गोरेटोबाटो निर्माण — वडा न. ३
९) तितरबाट ठाडासम्म गोरेटोबाटो निर्माण — वडा न. ३
१०) क्रान्ति आ.वि झ्यालढोका मर्मत तथा कुलेसा ढलान — वडा न. ४
११) धवलागिरि आ.वि. कोप्चेपानी ग्राउण्ड घेराबार — वडा न. ४
१२) पाउद्वार मा.वि. भौतिक पुर्वाधार निर्माण — वडा न. ५
१३) घोप्टेखर्क डिलबाट कोल्डस्टोर जाने गोरेटोबाटो निर्माण — वडा न. ५

१४) शौचालय निर्माण फलाटे — वडा न. ५

१५) पाउद्वार आ.वि. व्यवस्थापन — वडा न. ५

१६) विद्यालयको बालबालिकालाई ट्रेकसुट वितरण- वडा न. ६

१७) घोरेपानी आमासमूह सामग्री खरिद- वडा न. ६

१८) घोरेपानी ढल व्यवस्थापन- वडा न. ६

१९) विरौटा आमा समूह भवन निर्माण- वडा न. ६

२०) मालिका आमा समूह भवन निर्माण — वडा न. ६

२१) वडा कार्यालय सभाहलको सिलिङ् निर्माण तथा विद्युत जडान — वडा न. ६

२२) मुक्तिपथ आ.वि. घेराबार निर्माण- वडा न. ६

२३) चित्रे खेलमैदान निर्माण- वडा न. ६

२४) डाँडाको भुमे मन्दिर निर्माण — वडा न. ६

२५) पोखरेवगर देखि वैसरीसम्म रेलिङ्ग निर्माण — वडा न. ६

२६) अंधेरीखोला देखि कुरमुनि सम्मको खानेपानी मर्मत : वडा न. ६

**निर्माणाधिन आयोजना :**

१) लामाचुका गोरेटो बाटो तथा रेलिङ आयोजना — वडा न. १

२) आमा समूह किचन तथा पानी धारा निर्माण- वडा न. २

३) पाउद्वार आमा समूह भवन निर्माण — वडा न. ५

४) पाउद्वार स्वास्थ्य ईकाई व्यवस्थापन — वडा न. ५

५) राममन्दिर सत्तल निर्माण - वडा न. ६

६) शिवालय सत्तल मर्मत - वडा न. ६

७) मौरिकुट्ने देखि साँधीखोलासम्मको मोटरबाटो स्तरउन्नती — वडा न. ६

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा सार्वजनिक निजी साझेदारी प्रारुपमा कार्यान्वयन गर्ने परियोजना/आयोजना छनौट सम्बन्धमा सार्वजनिक नीजि साझेदारी समिति गठन गरी आगामी बैठकमा छलफल गर्ने ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा कार्यविधिहरुको मस्यौदा वडा कार्यालयमा पठाउने; विधेयक समितिको सक्रियतामा छलफल गरी पेश गर्ने ।

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

निर्णय नं. ९

प्रस्ताव न. ९ उपर छलफल गर्दा मिति २०८०।१२।१३ गते वडा न. १ दोवाको सुनारी टोल निवासी सुर बहादुर गर्बुजाको घरमा लागलागी भई धनजनको ठूलो क्षति भएकाले गाउँपालिकाको कार्यालयले अत्यावश्यकका सामग्रीहरु तत्काल खरिद गरेको रु २१,४६०।– (अक्षेरुपी एक्काईस हजार चार सय साठी) भुक्तानी दिने ।

निर्णय न. १० :

प्रस्ताव न. १० उपर छलफल गर्दा मिति २०८०।०७।१९ गते प्रकाशित सूचना अनुसार ५० प्रतिशत अनुदानमा बोयर जातको बोका वितरण कार्यक्रममा पेश हुन आएको सबै फर्महरु छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

| क्र.स. | संचालकको नाम थर | फर्मको नाम | वडा न. | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | टंक पुर्जा | कटैजे केषि तथा पशुपालन फर्म | २ | |
| २ | धन बहादुर बरुवाल | होलीडे कृषि तथा पशुपंछी फर्म | ६ | ९८५७६२९५७६ |
| ३ | बेक बहादुर पुर्जा | बेगे कृषि तथा पशुपंक्षी बहुउद्धेश्यीय फर्म | १ | ९८४७६१०२०८ |
| ४ | भुपेन्द्र पुर्जा | पुर्जा बाखा पालन फर्म | ३ | ९८६०७०२५४३ |
| ५ | कृष्ण बहादुर तिलिजा पुन | बराही एकिकृत कृषि तथा पशुपंक्षी फर्म | ५ | ९८४८२५५१०५ |
| ६ | तुलाराम बुढा | भालावास बाखा फर्म | ४ | ९८४६८४२८९१ |
| ७ | दुर्गा देवि दमै | दुर्गा कृषि तथा पशुपक्षी फर्म | ५ | ९८६६४४८७१३ |
| ८ | मंगल देवि तिलिजा पुन | नविन कृषि तथा पशुपंक्षी फर्म | ५ | ९८६२८४७८०५ |
| ९ | तुल बहादुर पाईजा | पाईजा कृषि तथा पशुपंक्षी फर्म | ८ | |
| १० | फैद बहादुर दर्जि | भगवति बाखा पालन फर्म | ६ | ९८४२२८०२१० |
| ११ | सिता बरुवाल | निलगिरी बाखा पालन फर्म | ६ | ९८४०१०२०२६ |
| १२ | रे वहादुर पुन | पुन कृषि तथा पशुपन्छी बहुउद्धेश्यीय फर्म | ७ | ९८४३१६९९५७ |
| १३ | विशाल वि.क | विशाल कृषि तथा पशुपन्छी फर्म | ३ | ९८६७९७२९३४ |

साथै ५० प्रतिशत अनुदानमा कुखुराको चल्ला वितरण कार्यक्रममा पेश हुन आएको आवेदनहरु मध्ये तपसिलको फर्महरुलाई छनौट गर्ने ।

| क्र.स | संचालकको नाम थर | फर्मको नाम | वडा न. | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | गुरुप्रसाद खत्री | दाजु भाई पोल्ट्री तथा कृषि फर्म | ६ | ९८४७७०२६६३ |
| २ | प्रदिप थापा | प्रिसां पशुपक्षी तथा फेस हाउस | ३ | ९८६००११७५१ |
| ३ | हेमचन्द्र गबुर्जा | डिवन्जना कृषि बहुउद्धेश्यीय पोल्टी फर्म | ७ | ९८६२८५०६५६ |
| ४ | उमेश पुन | मार्विन पोल्ट्री फार्म | ७ | ९८४६७५६४०६ |
| ५ | खककिर पाईजा | कुमार बहउदेश्यीय कृषि फर्म | ७ | ९८४७७३२१५७ |

साथै भकारो सुधार कार्यक्रममा पेश हुन आएको आवेदनहरु मध्ये तपसिलको फर्महरुलाई छनौट गर्ने ।

| क्र.स | संचालकको नाम थर | फर्मको नाम | वडा न. | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | ललिता तिलिजा पुन | सृजना कृषि तथा पशुपंछी फर्म | ३ | ९८४४१२९४८५ |
| २ | शिव बहादुर खड्का | धौलागिरी बहुउद्धेश्यीय कृषि तथा पशुपन्छी फर्म | ६ | ९८६०१९७८७५ |

निर्णय नं. ११

प्रस्ताव नं. ११ उपर छलफल गर्दा प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रममा निवेदन पेश भएका निम्न कृषक, कृषि फर्म, कम्पनीहरुलाई छनौट गर्ने । निजहरुबाट विस्तृत प्रस्ताव माग गरी जम्मा रु १३,३०,०००।— सम्झौता गरेर कार्यक्रम कार्यान्वयन गर्ने । यस कार्यक्रम अन्तर्गत रु १,७०,०००।— बराबरको तालिम सञ्चालन गर्नका लागि सूचना प्रकाशन गर्ने ।

तसपिल

| क.स | कृषक/कृषक समूहको नाम | ठेगाना | आवेदकको नाम | फोन नं. |
|---|---|---|---|---|
| १ | धौलागिरी कृषि तथा पशुपंन्छी फर्म | अन्नपूर्ण ६ | शिव खड्का | ९८४६३८२४१५ |
| २ | सुर्य ब.राम्जाली | अन्नपूर्ण १ | सुर्य ब.राम्जाली | ९८४६०६१४०६ |
| ३ | जयराम कषि तथा पशुपन्छी फर्म | अन्नपूर्ण ६ | जयराम बरुवाल | ९८६०६०३५६४ |
| ४ | हिरादेवी गर्वुजा | अन्नपूर्ण ८ | हिरादेवी गर्वुजा | ९८६६३२९४६१ |
| ५ | गम ब. गर्वुजा | अन्नपूर्ण ८ | गम ब. गर्वुजा | ९८७३३६५५०७ |
| ६ | याम कु.गर्वुजा | अन्नपूर्ण ८ | याम कु.गर्वुजा | ९८४९०५७५९१ |
| ७ | डिल कु.पाईजा गर्वुजा | अन्नपूर्ण ८ | डिल कु.पाईजा गर्वुजा | ९८६९२९३९०१ |
| ८ | ओममाया पुर्जा | अन्नपूर्ण ८ | ओममाया पुर्जा | ९८४०१०२५२६ |
| ९ | ओम ब.पुर्जा | अन्नपूर्ण ८ | ओम ब.पुर्जा | ९८४०३३१९३१ |

निर्णय नं. १२

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिलको निर्णय गरियो ।

क) भू उपयोग ऐन २०७६ र नियमावली २०७९ बमोजिम भू उपयोग योजना तर्जुमा गर्नका लागि गाउँपालिकामा सम्बन्धित जनशक्ति नभएको हुँदा परामर्श सेवा मार्फत तयार गर्न गाउँसभाको १८ औ अधिवेशनवाट रु १० लाख बजेट विनियोजन भएकाले अन्नपूर्ण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को दफा ८१ अनुसार Request for Proposal माध्यमबाट परामर्श सेवा लिई भू-उपयोग योजना निर्माण गर्ने । साथै यस कार्यको प्रकृतिसँग मेल खाने अन्य कुनै कार्य परामर्श सेवाबाट गराउनुपर्ने भए Packaging गर्ने ।

ख) अन्नपूर्ण आधारशिविरमा तपसिलको कार्य गर्ने गरी Eagles Solutions प्रा.लि.सँग रु १४,३९,६२०।- मा सम्झौता भई एकिकृत गुरुयोजना गयारी प्रकृया अगाडि बढेको जानकारी प्राप्त भयो ।

तपसिल :

- भुष्केट मेला र पञ्चकुण्ड तालमा क्षेत्रमा ४० जना सम्म बस्ने मिलने लज ।
- साधीखर्क, गुफाफाँट, सुनखोला लगायतका क्षेत्रमा खानेपानी, शौचालय, सोलार सहितको विश्राम स्थल ।
- गुरासे डाँडामा भ्यू पोइन्ट ।
- आधार शिविरमा गोदाम घर, मौरिस हर्जोगको शालिक ।
- Sky cave तल पहिरो व्यवस्थापन ।
- हुम खोला ,साधीखर्क, रातो झरना, झुष्केट मेला, सुनखोलामा झोलुङ्गे पुल ।
- काग भुसुन्डी शिलालेख।
- फुतफुते झरना क्षेत्रमा (भ्यू पोइन्ट, आर्क ब्रिज, रक गार्डेन, कफि पसल, शौचालय, प्रतिक्षालय-३ वटा विभिन्न स्थानमा)
- नारच्याङमा प्रवेश गेट ।
- पर्यटकीय सूचना केन्द्र ।

ग) यस गाउँपालिकाको आ.व. २०७९।८० को GESI Audit गर्ने साथै आगामी तीन बर्षको MTEF निर्माण गर्ने । उक्त कार्यको लागि लाग्ने खर्च परामर्श सवाबाट गर्ने ।साथै गाउँपालिकाको लागि आवश्यक पर्ने जनशक्तिको O&M सर्भे गर्नको लागि परामर्श सम्बन्धित शीर्षकमा बजेट व्यवस्था गरिएकाले सो को तयारी गर्ने ।

घ) भुरुङ तातोपानी स्वास्थ्य चौकीको ल्याव व्यवस्थापनको लागि सामग्री व्यवस्थापन गर्ने र सोको लागि खर्च विविध कार्यक्रम शिर्षकबाट गर्ने ।

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरा, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

अमृत सुवेदी
...ीय अधिकृत

भरत कुमार पुन